# गैडहवा गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय, बिष्णुपुरा, रुपन्देही

## आ.व. ०८१/०८२ को सामाजिक लेखा परिक्षण प्रतिवेदन

### १) पृष्ठभूमिः

सामाजिक परिक्षण कुनैपनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण अथवा लेखाजोखा हो ,जसमा कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राखिएको हुन्छ । कुनै पनि संस्थाको अभिलेख र प्रक्रियाको जांच तथा त्यसको सारांशका साथ प्रतिवेदन तयार गर्ने कार्य आर्थिक लेखा परिक्षण र सामाजिक परिक्षण दुवैमा गरिन्छ । आर्थिक लेखापरिक्षणमा उपरोक्त अनुसारका कार्यहरुको आधारमा लेखापरिक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् तर सामाजिक परिक्षणमा उपरोक्त अनुसारका कार्यहरुमा व्यवस्थापन, वोर्ड ,कर्मचारी, सेवाग्राही, समुदाय, नागरिक समाज, नीति निर्माता सवैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ । स्थानीय तह गांउपालिका र नगरपालिकाहरुले प्रत्येक आर्थिक वर्षमा कम्तीमा १ पटक सामाजिक परिक्षण गर्नुपर्ने व्यवस्था रहेको र त्यसैगरी स्थानीय निकाय सामाजिक परिक्षण निर्देशिका २०६७ बमोजिम स्थानीय तहले आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र सामाजिक परिक्षण गराउनुपर्ने प्रावधान रहेको र स्थानीय तहको संस्थागत स्वमूल्यांकन (LISA) मा समेत यसको प्रावधान रहेकोले पाइन्छ ।

सामाजिक परिक्षण कार्यक्रम सम्पन्न गर्नका लागि स्थानीय तहले स्थानीय तहसंग प्रत्यक्ष संवन्ध नभएका स्वतन्त्र विज्ञलाई सामाजिक परिक्षकको रुपमा करार वा संझौता गरी सामाजिक परिक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । सामाजिक परिक्षण कार्यलाई समन्वय गर्न स्थानीय तहले कार्यविधिमा व्यवस्था भए बमोजिम एक समन्वय समिति गठन गर्न सक्ने समेत व्यवस्था रहेको छ ।

पालिकाको योजना तर्जुमा प्रक्रियाको विभिन्न चरणवाट स्वीकृत योजना तथा नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था, कार्यक्रम योजना कार्यान्वयनवाट समाजमा परेको प्रभाव तथा सामाजिक उपलब्धि के कति हासिल भए सोको विश्लेषण गरी सामाजिक परिक्षणको सैद्धान्तिक पक्षको अनुसरण सामाजिक परिक्षण कार्यविधिको महत्वपूर्ण पक्ष भएकोले सो कार्य सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ । गैडहवा गाँउपालिकाले आ.व. ०८१।०८२ मा लिएको नीति,संचालन गरेका कार्यक्रम र कार्यान्वयन गरेका योजनाहरुवाट परेको सामाजिक प्रभावको लेखाजोखा गरी प्राप्त हुने सुझावले पालिकाले आगामी दिनमा लिने नीति र छनौट गर्ने योजना र कार्यक्रमका वारेमा सघाउ पुर्याउनेछ । त्यसैगरी नेपाल सरकार राष्ट्रिय योजना आयोगवाट तयार भएको राष्टिय अनुगमन मुल्यांकन दिग्दर्शन २०७५ को ३.४.३ मा सामाजिक परिक्षणको वारेमा निम्नानुसार उल्लेख भएको छ ।

### ३.४.३ सामाजिक परीक्षण (Social Audit)

सरोकारवालाको प्रत्यक्ष संलग्नतामा सार्वजनिक सेवा प्रवाहका सम्पूर्ण गतिविधिको परीक्षण तथा प्रतिवेदन गर्ने कार्य सामाजिक परीक्षण हो । यसले पारदर्शिता बढाउन, स्रोत साधनको सदुपयोग बढाउन, सेवा प्रवाहमा रहेका कमजोरीलाई समयमै हटाउन, अपेक्षित नतिजा हासिल गरी जनजीवनस्तर सुधार गर्न र उत्तरदायित्व बढाउन मद्दत गर्दछ । सम्बद्ध निकायले सामाजिक परीक्षकको सेवा लिई यस्तो परीक्षण देहायका प्रक्रिया अपनाई गराउन सक्नेछन् ।

(क) आयोजना कार्यालयसँग प्रत्यक्ष सम्बन्ध नभएका विज्ञलाई सामाजिक परीक्षकका रूपमा सेवा करार गर्ने ।

(ख) सामाजिक परीक्षकलाई निकायको नीति, नियम, निर्देशिका, वार्षिक कार्यक्रम र प्रगति विवरण उपलब्ध गराउने ।

(ग) सामाजिक परीक्षकलाई कार्यस्थलको भ्रमण तथा सरोकारवालासँग भेटघाट छलफल व्यवस्था गर्ने ।

(घ) सामाजिक परीक्षकले विभिन्न प्रतिवेदन र छलफलबाट सूचना संकलन तथा विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(ङ) सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सबै सरोकारवाला पक्षको उपस्थिति हुने व्यवस्था गर्ने ।

(च) सामाजिक परीक्षकले प्रतिवेदन पेश गरी सोउपर छलफल गर्न उपस्थित सबैलाई समान अवसर दिने ।

(छ) सहभागीहरूका विचारहरूलाई टिपोट गर्ने र त्यसलाई अन्तिम प्रतिवेदनमा समावेश गर्ने ।

(झ) सम्बद्ध निकायले सामाजिक परीक्षकबाट अन्तिम प्रतिवेदन प्राप्त गरी त्यसलाई सार्वजनिक गर्ने ।

## ३) गैडहवा गाँउपालिकाको लक्ष्य तथा उद्देश्यहरुः

## २.१ गैडहवा गाँउपालिकाको लक्ष्य

गैडहवा गाँउपालिकाको दीर्घकालीन सोंच **कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र व्यापार, पर्यटन सहितको पूर्वाधार विकासको आधार** भन्ने रहेको छ । यही दीर्घकालीन सोंचलाई प्राप्त गर्न कृषि, पशुविकास शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, आर्थिक विकास, पर्यटन प्रवर्द्धन, सामाजिक विकास र सशक्तिकरण सहितका विभिन्न लक्ष्यहरु रहेको छ ।

## २.२ मुख्य मुख्य आधारहरुः

- कृषि क्षेत्रको विकास र कृषिमा व्यावसायीकरण
- उद्यमशीलताको विकास र सशक्तिकरण
- शिक्षा र जनस्वास्थ्यमा भौतिक विकास र व्यवस्थापनमा सुधार
- सरल छिटो र सेवाग्राहीमैत्री सेवा प्रवाह
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग

- रोजगारी श्रृजना

- संघसंस्था समन्वय र क्षमता विकास
- संस्थागत विकास र सुशासन
- जलवायु परिवर्तन अनुकूलन

## २.३ गैडहवा गाँउपालिकाको प्राथमिकताका क्षेत्रहरु:

गैडहवा गाँउपालिकाले आ.व. ०८१/०८२ को नीति योजना तथा वजेट तर्जुमा गर्दा निम्न अनुसारको प्राथमिकताका क्षेत्रहरु स्वीकृत गरेको थियो ।

- शिक्षा, स्वास्थ्य तथा समावेशी विकासमा जोड दिइनेछ ।
- बहुवर्षिय,क्रमागत योजनाहरु र अन्य आवश्यक पूर्वाधार निर्माणमा जोड दिइने तथा पालिकाको आवधिक योजना अनुरुप योजना तथा कार्यक्रम तय गरिनेछ ।
- कृषि पशु विकास, सहकारी, पर्यटन र उद्योग व्यापारको विकासमा जोड दिइनेछ ।
- वातावरण संरक्षण, पर्यावरणीय प्रवर्द्धनमा जोड दिइनेछ ।
- सुशासन र संस्थागत विकासमा जोड दिइनेछ ।

## ३) सामाजिक परिक्षणको उद्देश्य:

स्थानीय निकाय सामाजिक परिक्षण निर्देशिका २०६७ ले गरेको व्यवस्था अनुरुप गैडहवा गाँउपालिकाको एक आर्थिक वर्ष (०८१।०८२) मा समग्र सामाजिक उत्तरदायित्व परीक्षण अथवा लेखाजोखा गर्नु यस सामाजिक परिंक्षणको उद्देश्य रहेको छ । सामाजिक परिक्षणका व्यावहारिक र सैद्धान्तिक पक्षलाई समेट्दै ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी तथा कार्यक्रम तथा योजनावाट प्राप्त गरिएका सामाजिक उपलब्धि र सामाजिक उत्तरदायित्व वहन गर्न सक्ने संस्थागत क्षमताको लेखाजोखा गर्नु यस परिक्षणको उद्देश्य रहेको छ । यसले सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा गर्दछ ।

## ४) गैडहवा गाँउपालिकाले सामाजिक परिक्षण गर्नुको उद्देश्य:

- गाँउपालिकाको वारेमा सेवाग्राही र नागरिकहरुलाई जानकारी दिन ।
- सम्पादन गरेका योजना तथा कार्यक्रमहरुमा पारदर्शिता र जवाफदेहिता वढाउन ।
- असल अभ्यास र सिकाईलाई आदान प्रदान गर्न
- सामाजिक उत्तरदायित्व वढाउन ।

- सामाजिक प्रवाहको समिक्षात्मक विश्लेषण गर्न ।
- आगामी दिनमा गाँउपालिकाले लिने नीति र रणनीतिहरुमा आवश्यक सूचना, सुझाव तथा जानकारी प्राप्त गर्न ।
- गाँउपालिकालाई भावी योजना र कार्यक्रमका लागि पृष्ठपोषण लिन ।

## ५) सामाजिक परिक्षणको महत्व

- नियमित तथा उद्धेश्यमुलक र प्रकृयाबद्ध परिक्षण पद्धती ।
- सांगठिक वा सामाजिक मुल्य र मान्यताका आधारमा सामाजिक, आर्थिक र भौतिक विकास सम्वन्धि योजना, कार्यक्रम र क्रियाकलापहरुको आन्तरिक र बाह्य कार्य सम्पादनलाई लेखाजोखा तथा प्रभाव मुल्यांकन गर्दछ ।
- समग्र संस्थाको (योजना तथा कार्यक्रमहरु सहित) आर्थिक तथा गैर आर्थिक पक्षको योजना, व्यवस्थापन जस्ता कुराहरुमा बृहत रुपमा मुल्यांकन गरि सरोकारवाला सबैलाई सो सम्वन्धि सुचना प्रवाह गर्दछ ।
- स्थानीय तहको सामाजिक उत्तरदायित्वको परीक्षण पद्धतीलाई स्पष्ट पार्दछ ।
- सार्वजनिक निकायवाट भएका वित्तिय गैर वित्तिय लगानीको विस्तृत विवरण सरोकारवाला समक्ष प्रस्तुत गरिन्छ ।
- संचालित योजना तथा कार्यक्रमहरुको लेखाजोखा गरी सुझाव दिने अधिकार सरोकारवालालाई रहेको हुन्छ ।
- सार्वजनिक तहको लगानी सामाजिक जिम्मेवारी पुरा गर्ने तर्फ केन्द्रित छ छैन भन्ने विषयमा जनधारणा बुझी सुधारको अवसर प्रदान गर्दछ ।
- समाजका विपन्न तथा पिछडिएका वर्गको उत्थानमा गरेको लगानी तथा त्यसको प्रभाव समेतलाई लेखाजोखा गर्दछ ।

## ६) सामाजिक परिक्षण अध्ययन विधिः

सामाजिक परिक्षणलाई निम्न विधिहरु प्रयोग गरी सम्पन्न गरिएको छ ।

### ६.१.सन्दर्भ सामग्री समीक्षा र अध्ययनः

- ❖ स्थानीय तह संवन्धि ऐन ,नियम, कार्यविधि र निर्देशिकाहरु
- ❖ नागरिक वडापत्र
- ❖ स्थानीय तहको सामाजिक जिम्मेवारी लक्ष्य र उद्देश्य
- ❖ आवधिक योजना
- ❖ स्वीकृत वार्षिक योजना
- ❖ स्थलगत अवलोकन र अन्तर्वार्ता
- ❖ नगरक्षेत्रमा क्रियाशील संघसंस्था र विषयगत कार्यालयको वार्षिक कार्यक्रम

- ❖ सामाजिक उपलब्धि, कार्य सम्पादन र प्रभाव संवन्धि अभिलेख तथा सूचना
- ❖ वार्षिक प्रतिवेदनहरु

### ६.२. अन्तरवार्ता र समूह छलफल

गैडहवा गाँउपालिकाका जनप्रतिनिधिहरु, कार्यालय प्रमुख, शाखा प्रमुखहरुसंग समन्वय गरी दस्तावेज संकलन तथा अन्तर्वार्ता र छलफल गरिएको थियो ॥ विषयहरुलाई संवन्धित विषयसंग संवन्धित कर्मचारीहरुसंग समूह छलफल गरियो । केही वडा कार्यालयका जनप्रतिनिधिहरु, विद्यालय र स्वास्थ्य केन्द्रहरुसंग अन्तक्रिया गरियो । प्रमुख समस्या र चुनौतीहरुको कार्यान्वयनको अवस्था तथा आगामी दिनमा गरिने कार्यका बारेमा समेत छलफल गरियो ।

### ६.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

- ❖ सामाजिक परीक्षणका निष्कर्षहरू
- ❖ सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- ❖ सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु र
- ❖ सुझावहरु

### ६.४ प्रतिवेदन तयारी

सरोकारवालाहरुवाट उठाइएका विषयहरु सुझावहरु समेत समेटी अन्तिम प्रतिवेदन तयार गरिएको हो ।

## ७) सामाजिक परिक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीको तयारी र प्रस्तुतिकरण

गैडहवा गाँउपालिका कार्यालय, जनप्रतिनिधिहरु, सरोकारवाला र समुदायका प्रतिनिधिहरुसंग भेटघाट तथा छलफल गरी निर्देशिकाको अनुसूचि २ र ३ अनुसारको सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन तयार गरिएको हो । गैडहवा गाँउपालिकाका विभिन्न शाखाहरुवाट विवरण उपलव्ध हुन र सामाजिक परिक्षण कार्यमा सहयोग समन्वय गर्न शाखा प्रमुखहरुसंग नियमित समन्वय गरिएको थियो । पालिकाले गत आ.व.मा सम्पादन गरेका महत्वपूर्ण कार्यहरुको वारेमा छलफल गरी जानकारी उपलव्ध गराइएको थियो । तत्पश्चात् संवन्धित शाखाहरुवाट तथ्यांक र जानकारी संकलन गरिएको थियो । उपरोक्त पृष्ठभूमि गैडहवा गाँउपालिकाको आ.व. ०८१।०८२ को सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन तयार गरिएको हो । तत्पश्चात् विभिन्न वडाका वडाध्यक्षहरु र शाखा प्रमुखहरुसंग समन्वय गरी सामाजिक परिक्षणको महत्व र औचित्यको वारेमा सामाजिक परिक्षकवाट अभिमुखिकरण गरियो । यसरी तयार भएको प्रारम्भिक प्रतिवेदन गाँउपालिकाका अध्यक्ष श्री सुरेन्द्र पौड्यालको

अध्यक्षतामा उपाध्यक्ष श्री माधुरी जैसवाल, प्रमुख प्रशासकीय अधिकृत श्री रोमनाथ न्यौपाने, वडाध्यक्ष, कार्यपालिका सदस्य जनप्रतिनिधिहरु, शाखा प्रमुखहरु, सरोकारवाला अन्य कार्यालयहरुका प्रतिनिधिहरु सञ्चारकर्मी लगायत विभिन्न पक्षको उपस्थितिमा २०८२।०८।२३ गते प्रस्तुति गरियो । प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण पछि पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुसंग निरन्तर समन्वय गरी अन्तर्क्रियावाट प्राप्त हुन आएका राय सुझाव र सल्लाह समेत समेटी सामाजिक परिक्षणको यो अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## ७.१. आचार संहिता

कार्यविधिमा उल्लेख भए वमोजिम प्रतिवेदन प्रस्तुत र छलफल कार्यक्रममा आयोजक ,सहजकर्ता तथा सहभागीहरुले निम्न अनुसारको आचार संहिता अवलम्वन गरिनु पर्नेछ ।

१. विषयवस्तुमा मात्र केन्द्रित रहि छलफल गर्ने ।
२. नीजि तथा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने वा व्यक्तिगत आक्षेप नलगाउने
३. सहभागीहरुले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने ।
४. सहभागीहरुवाट प्राप्त प्रतिकृया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने
५. व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टचारलाई कायम राख्ने
६. सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने र सुझावका लागि धन्यवाद दिने
७. सहजकर्तालेे बोल्ने समय दिए पछिं सहभागीहरुले आफ्ना विचार तथा सुझावहरु राख्ने
८. बोल्दा पालैपालो र स्पष्ट बोल्ने र विचमा अर्काको कुरा नकाट्ने ।

## ८.अध्ययनको सीमा क्षेत्र र सीमा :

यस अध्ययन कार्यविधिको फ्रेमवर्कमा रहेर तयार गरिएको । गाँउपालिकाले लिएको नीति र सम्पादन गरेका कार्यहरुवाट परेको सामाजिक प्रभावको विश्लेषण गरिएको हो । गाँउपालिकावाट उपलव्ध गराइएको दस्तावेज, पदाधिकारी तथा कर्मचारीहरुवाट प्राप्त जानकारीलाई नै आधार वनाई प्रतिवेदन तयार गरिएको हो । प्रतिवेदनमा प्रस्तुत गरिएका विषयवस्तुहरु पालिकाले आ.व. ०८१।०८२ मा लिएको नीतिलाई कार्यान्वयन गरिएको र प्राप्त भएको नतिजालाई आधार मानी प्रतिवेदन तयार गरिएको छ । समयभाव र स्रोतको सीमितताले पालिकाको समग्र सामाजिक परिक्षण गरिएको यसवाट क्षेत्रगत रुपमा विस्तृत प्रतिवेदन तयार गर्न नसकिने सीमितता रहेको छ ।

## ९. गैडहवा गाँउपालिकाको वर्तमान अवस्था

### ९.१ गाँउपालिकाको संक्षिप्त परिचय

गैंडहवा गाउँपालिका रुपन्देही जिल्लाको पश्चिम भागमा अवस्थित गाउँपालिका हो । यो गाउँपालिकाको नाम वातावरणीय र प्राकृतिकरुपले अत्यन्त मनोरम यसै गाउँपालिकाको विष्णुपुरामा रहेको गैंडहवा तालको नामबाट राखिएको हो । यो गाउँपालिका ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा आर्थिक हिसावले एक महत्वपूर्ण विशिष्ट स्थलको रुपमा परिचित हुँदै आएको छ । नेपालको पुनर्संरचना गर्ने क्रममा स्थानीय तहको गठन गर्दा साविकका ४ गाउँ विकास समितिहरु साडी, जोगडा, विष्णुपुरा र सूर्यपुरालाई मिलाएर यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय तहको गठन गर्दा साविकका ४गाउँ विकास समितिहरु साडी, जोगडा, विष्णुपुरा र सूर्यपुरालाई मिलाएर यस गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकाको पूर्वमा शुद्धोधन र मायादेवी गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्ला, उत्तरमा कन्चन गाउँपालिका र सैनामैना नगरपालिका तथा दक्षिणमा लुम्बिनी साँस्कृतिक नगरपालिका र मायादेवी गाउँपालिका पर्दछन् ।

१. गैडहवा गाउँपा लकाको सं क्षप्त ववरण

- समाना पूर्वः- मायादेवी र शुद्धोधन गाउँपा लका
- पश्चिमः क पलवस्तु जिल्ला
- उत्तर कन्चन गाउँपा लका र सैनामैना नगरपा लका
- द क्षणः- लुम्बिनी संस्कृतीक नगरपा लका र मायादेवी गाउँपा लका
- कूल क्षेत्रफल ९६.७९ वर्ग क.मी.
- गाउँपा लकाको प्रशासनीक वभाजनः ९ वडा
- कुल जनसंख्या ५६.१४९
- प्रमुख नदीहरु दानव र कन्चन
- गाउँपा लकाको जम्मा जनसंख्या यस गाउँपा लकाको कूल जनसंख्या ५६,१४९ (महिलाः २८३०२ र पुरुषः २७८४७) मध्ये पुरुषको जनसंख्या ४९.६६ प्रतिशत छ भने महिलाको जनसंख्या ५०.४४ प्रतिशत रहेको र परिवार संख्या ९९४७ रहेको छ।
- जनघनत्व ५८०
- वा षक वृ द्ध दर २.३३
- लै गक अनुपात ९८.३९८
- साक्षरता ७१.३४ (पुरुषः ८२.०% र महिलाः ६०.९%)
- प्रति घरधुरी औषत जनसंख्या ५.६४
- मानव वकास सूचकांक (HDI): ०.५८४
- लैं गक वकास सूचकांक (**GDI**): ०.९०१
- अपांगता १.४% (पुरुषः १.२% र महिलाः १.७%)

- औषत आयु  ८२ वर्ष
- सम्पत्तिमा महिला अ धकार ९.९
- भौगो लक स्वरुप तथा हावापानी

यस गाउँपा लकाको भौगो लक बनावट समथर मैदानी भूभागमा रहेको म ललो माटोबाट बनेको छ। जिल्लाको अन्य भागमा जस्तै यस गाउँपा लकाको हावापानी उष्ण तथा सम शतोष्ण क समको रहेको छ। चैत्र महिना दे ख भाद्र महिनासम्म निकै गर्मी असोज कार्त्तिक र फाल्गुणमा सम शतोष्ण तथा बाँकी तीन महिना (मं सर, पुष र माघ) मा ठण्डी हुने गर्दछ। यसरी यहाँको हावापानी मौसम अनुसार नै व वध एवं वषम प्रकारको पाइन्छ। अ धकतम तथा न्यूनतम तापक्रम अन्य स्थानहरुमा जस्तै गर्मीको समयमा ४३ डग्री सेल्सियस सम्म बढ्ने र जाडोको समयमा ८.५ डग्री सेल्सियस सम्म घट्ने गर्दछ र औसत वा षक वर्षा १३९१ म ल लटर रहेको पाइन्छ।

२. वडा अनुसार घरधुरी तथा जनसंख्या विवरण

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा | क्षेत्रफल | जनघनत्व/ वर्ग कि.मी. | मुख्यवस्तीहरु |
|---|---|---|---|---|---|---|---|
| १ | १२३० | ३५३८ | ३६७७ | ७२१५ | १०.६५ | ६७७.४६ | साडी |
| २ | ११४४ | ३२६२ | ३४०२ | ६६६४ | १७.८२ | ३७३.९६ | जोगडा, सडहव , नोनौली, सीतापुर |
| ३ | १३४० | ३९२९ | ३८६० | ७७८९ | १६.६ | ४६९.२३ | विष्णुपुरा, बर्गदिव, सगरहवा |
| ४ | ९११ | २४६३ | २४७६ | ४९३९ | ८.६७ | ५६९.६६ | पोहवा |
| ५ | ७१५ | २३२१ | २३०४ | ४६२५ | ७.९५ | ५८१.७६ | गिदहिया, तुकौलिया |
| ६ | १२६२ | ३९४० | ३७८४ | ७७२४ | १०.०१ | ७७१.६३ | खुशीयालपुर, ठाकुरापुर गुलरिया |
| ७ | १२१३ | ३४४८ | ३५९७ | ७०४५ | १०.४४ | ६७४.८१ | बिसौरिया |
| ८ | ११८२ | २८७७ | २९६२ | ५८३९ | ७.३९ | ७९०.१२ | हसनापुर |
| ९ | ९५० | २०६९ | २२४० | ४३०९ | ७.२६ | ५९३.५३ | धुसुवा |
| जम्मा | ९९४७ | २७८४८ | २८३०२ | ५६१४९ | ९६.७९ | ५८०.११ | |

*श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८*

यस गैडहवा गाउँपा लकामा गरिएको घरधुरी सर्वेक्षण तथा राष्ट्रिय जनगणना २०७८ का आधारमा उपलब्ध तथ्यांकहरुको वशलेषण गर्दा यहाँको जम्मा घरधुरी संख्या ९९४७ र कुल जनसंख्या ५६१४९

रहेको छ जसमा पुरुष २७८४८ र महिला २८३०२ रहेको दे खन्छ। सर्वेक्षण तथा अध्ययनबाट सबैभन्दा कम घरधुरी बड़ा नं. ५ मा ७८५ रहेको तथा सबैभन्दा बढी घरधुरी बड़ा नं. ३ मा १३४० रहेको दे खन्छ। जनसंख्याको दृष्टिकोणले भने सबभन्दा बढी बडा नं.३ मा ७७८९ र सबभन्दा कम वडा नं. ९ मा ४३०९ रहेको दे खन्छ। ९६.७९ वर्ग क.मी.मा फै लएको यस गाउँपा लकाको जनघनत्व ५८०.११ जना प्रति वर्ग क.मी. रहेको छ। त्यस्तै यस गाउँपा लकाको प्रमुख बस्तीहरुमा साडी, जोगडा, सडहवा, नोनौली, सीतापुर, वष्णुपुरा, वर्गदवा, सगरहवा, पोहवा, गदहिया, तुकौ लया, खुशीयालपुर, ठाकुरापुर गुलरिया वसौरिया, हसनापुर सुर्यपुरा आदि।

३. मातृभाषाको आधारमा जनसंख्याको ववरण

३. मातृभाषाको आधारमा जनसंख्याको विवरण

| क्र.सं. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अवधी | २६७२७ | ४७.६ |
| २. | भोजपुरी | १८४७३ | ३२.९ |
| ३. | नेपाली | ७१८७ | १२.८ |
| ४. | थारु | २२४६ | ४ |
| ५. | उर्दु | ११७९ | २.१ |
| ६. | कुमाल | ११२ | ०.२ |
| ७. | मगर | ११२ | ०.२ |
| ८. | अन्य | ११२ | ०.२ |
| | जम्मा | ५६१४९ | १०० |

*श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८*

मा थ उल्ले खत तथ्यांक अनुसार यस गाउँपा लकामा ८ भन्दा बढी मातृभाषाको प्रयोग हुने गर्छ र यहाँ बसोबास गर्ने जनसंख्या मध्ये सबैभन्दा बढी ४७.६ प्रतिशतले अवधी भाषा बोल्ने गर्छन्। त्यस पछि भोजपुरी भाषा ३२.९ प्रतिशत र नेपाली भाषा १२.८ प्रतिशत बोल्ने गरिन्छ। भोजपुरी अव ध र नेपाली भाषा पछि धेरै बो लने अन्य भाषाहरुमा थारु ४ प्रतिशत र उर्दु ५.२ प्रतिशत मानिसहरुले आफ्नो मातृभाषाको रुपमा बोल्ने गर्छन्।

४. धर्मको आधारमा जनसंख्याको ववरण

यस गाउँपा लकामा अ धकांश हिन्दु तथा मुस्लिम धर्मावलम्बी मानिसहरु बसोबास गर्छन्। राष्ट्रिय जनगणना २०७८ मा उल्लेख भएको जातिगत ववरणलाई वश्लेषण गर्दा ८९.६ प्रतिशत मानिसहरु हिन्दु धर्मावलम्बी, ९.८ प्रतिशत मुस्लिम तथा ०.२ प्रतिशत क्रश्चियन आदि रहेका छन।

## ५. जातियताको आधारमा जनसंख्याको विवरण

| क.सं. | जातियता | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | यादव | ६२६७ | ११.१६ |
| २. | मुसलमान | ५३२९ | ९.४९ |
| ३. | लोध | ५२०० | ९.२६ |
| ४. | केवट | ३३९९ | ६.०५ |
| ५. | चमार/ हरिजन | ३१०८ | ५.५ |
| ६. | दुषाध/पासवान/पासी | ३०६९ | ५.४७ |
| ७. | कहार | २८९८ | ५.१६ |
| ८. | थारु | २७७७ | ४.९५ |
| ९. | मगर | २३०० | ४.१० |
| १०. | कुर्मी | २२३४ | ३.९८ |
| ११. | तेली | १९१२ | ३.४१ |
| १२. | धोबी | १८०२ | ३.२१ |
| १३. | मल्लाह | १७५१ | ३.१२ |
| १४. | विश्वकर्मा | १३७३ | २.४५ |
| १५. | पहाडिया बाहुन | १०२६ | १.८३ |
| १६. | क्षेत्री | ९८७ | १.७६ |
| १७. | कोरी/कुश्वा | ९७१ | १.७३ |
| १८. | कुम्हार | ९५९ | १.७१ |
| १९. | राजभर | ८५४ | १.५२ |

"कृषि शिक्षा, स्वास्थ्य, ...

| क्र.सं. | जातियता | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| २०. | बराई | ७९९ | १.४२ |
| २१. | कलवार | ७८५ | १.४० |
| २२. | तराई ब्राह्मण | ६९६ | १.२४ |
| २३. | लोहार | ६१६ | १.१० |
| २४. | कुमाल | ६०४ | १.०८ |
| २५. | नुनिया | ५८७ | १.०५ |
| २६. | हजाम/ठाकुर | ५७४ | १.०२ |
| २७. | बनिया | ४२३ | ०.७५ |
| २८. | मुसहर | ४१७ | ०.७४ |
| २९. | भेडियर | २८४ | ०.५१ |
| ३०. | बढई | २४८ | ०.४४ |
| ३१. | परियार/दमाई | २३६ | ०.४२ |
| ३२. | मिजार/ सार्की | १८० | ०.३२ |
| ३३. | धुनिया | १२८ | ०.२३ |
| ३४. | गुरुङ्ग | १२१ | ०.२२ |
| ३५. | कठबनिया | १०९ | ०.१९ |
| ३६. | ढाडी | १०८ | ०.१९ |
| ३७. | राजपुत | १०६ | ०.१९ |
| ३८. | ठकुरी | १०० | ०.१८ |
| ३९. | माली | १०० | ०.१८ |
| ४०. | सुण्डी | ९७ | ०.१७ |
| ४१. | उरौन्वा/कुडुक | ९४ | ०.१७ |
| ४२. | पत्थरकट्टा | ८० | ०.१४ |
| ४३. | विदेसी | ७७ | ०.१४ |
| ४४. | नेवार | ७२ | ०.१३ |
| ४५. | जात बताउन नचाहाने | ५७ | ०.१० |
| ४६. | सोनार | ४७ | ०.०८ |
| ४७. | अन्य | ३५ | ०.०६ |

| क्र.सं. | जातियता | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| ४८. | कानु | ३० | ०.०५ |
| ४९. | थकाली | २१ | ०.०४ |
| ५०. | धारिकर | २१ | ०.०४ |
| ५१. | राना थारु | १८ | ०.०३ |
| ५२. | घर्ति भुजेल | १४ | ०.०२ |
| ५३. | तामांग | १३ | ०.०२ |
| ५४. | राजवंशी | १३ | ०.०२ |
| ५५. | सन्यासी/दसनामी | १२ | ०.०२ |
| ५६. | हलुवाई | ११ | ०.०२ |

*श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८*

माथि उल्लेखित तथ्यांक अनुसार यस गाउँपालिकामा जातिगत विविधता भएको पाइन्छ। यहाँ ५० भन्दा माथिका जातजातिहरु बसोबास गर्छन। तिनीहरु मध्ये सबभन्दा बढी यादव ११.१६%, मुसलमान ९.४९% र लोध ९.२६% रहेका छन। त्यस पछि कहार ५.१६%, दुसाद/पासवान/पासी ५.४७%, केवट ६.०५%, चमार/हरिजन ५.५%,मगर ४.१०%, धोबी ३.२१%, कुर्मी ३.९८% आदिको उल्लेख उपस्थिति रहेको छ।

७. अपांगताको आधारमा जनसंख्या

| लिंग | जम्मा अपांगता संख्या | शारीरिक | न्यून दृष्टिविहिन | दृष्टिविहिन | बहिरोपन | मनोसामाजिक अपाङ्गता | न्यून श्रवणशक्ति | बहिरोपन एवं दृष्टिविहीन | मनासिक वा मनोसामाजिक | बौद्धिक अपाङ्गता | अनुवंशीय रक्तश्राव (हिमोफिलिया) | अटिजम् | बहुअपाङ्गता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ७८२ | ३४४ | ९५ | ५१ | ४३ | ४४ | २६ | ७ | ५३ | ३२ | ५ | १३ | ६९ |
| पुरुष | ४५२ | २०६ | ४२ | २७ | २९ | २७ | १५ | ३ | ३७ | २१ | ४ | ३ | ३८ |
| महिला | ३३० | १३८ | ५३ | २४ | १४ | १७ | ११ | ४ | १६ | ११ | १ | १० | ३१ |

*श्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ७८२ जना अर्थात कूल जनसंख्याको १.३९ प्रतिशत जनसंख्यामा विभिन्न किसिममा अपागता रहेको देखिन्छ। यिनीहरु मध्ये पुरुष ५७.८० र महिला ४२.२० प्रतिशत रहेका छन्।

## ९.२ स्थानीय तहको समग्र अवस्थाको ववरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन | क. जम्मा स्वीकृत दरवन्दी:५४ पदपूर्ति: ३६ रिक्त:१८<br>ख. कर्मचारी समायोजन पश्चात O & M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत भएको । |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रमुख प्रशासकीय भवन: बनेको ।<br>ख. आफ्नै वडा कार्यालय भएको वडा संख्या ९ नभएको वडा संख्या।<br>ग.वडा केन्द्रसम्म सडक पुगेको वडाको संख्या ९ |
| ३ | कानून निर्माणको अवस्था | क. ऐनको संख्या: १५ ख. नियमावलीको संख्या: ११<br>ग. कार्यविधि/मापदण्ड/निर्देशिकाको संख्या:२६ |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजना: बनेको (दोश्रो)<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचना: बनेको<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरण: बनेको<br>घ. भूउपयोग योजना:वनेको ।<br>ङ. स्थानीय भवन निर्माण मापदण्ड: नवनेको ।<br>च. राजस्व सुधार कार्ययोजना: नवनेको ।<br>छ. आन्तरिक नियन्त्रण प्रणाली: नवनेको । |
| ५ | स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क (७६) (गुणस्तर परीक्षण पश्चात)<br>ख. स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको प्राप्ताङ्क<br>ग. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टी: भएको |

| | | |
|---|---|---|
| ६ . | न्यायिक समिति सम्वन्धी | क. दर्ता भएका उजुरी/गुनासो संख्याः १६१<br>ख. कारवाही वा फछ्यौंट भएका उजुरी संख्याः १११<br>ग. कारवाही वा फछ्यौंट भएका मध्ये पुनरावेदनमा गएका संख्याः ८<br>छलफलमा रहेको उजुरी संख्याः ४२ |
| ७ | वेरुजु सम्वन्धी | क. आ.व. २०८०/८१ सम्मको कायम कुल वेरुजु रकम (रु. हजारमा) १७२४९४/-<br>ख. आ.व. २०८०/८१ मा फछ्यौंट भएको वेरुजु रकम (रु. हजारमा) २५८१९/- (फछ्यौंट प्रतिशतः१५)<br>ग. आ.व. २०८०/८१ मा फछ्यौंट गर्नुपर्ने कुल वेरुजु रकम (रु. हजारमा) ३७२५६/- |
| ८ | वातावरण तथा विपद् व्यवस्थापन | क. दमकल सेवाको उपलब्धताः अन्य स्थानीय तहसँगको सहकार्य<br>ख. फोहोर प्रशोधन केन्द्रः नभएको<br>ग. स्यानीटरी ल्याण्डफिल साईटः नभएको (प्रक्रियामा रहेको) |
| ९ | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क. अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः नभएको<br>*(डिजीटल गभर्नेन्स फ्रेमवर्कले तोकेका मध्ये)*<br>ख. नागरिक वडापत्रः भएको<br>ग. सूचना अधिकारीः तोकेको<br>घ. गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणको लागि कानूनी व्यवस्थाः सङ्घीय कानून बमोजिम<br>ङ. निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरी/गुनासो संख्या २८३<br>फछ्यौंट संख्याः २८ |

## ९.३ आर्थिक वर्ष (२०८१/८२) को खुद आम्दानी र खर्चको विवरण

| स्रोतको किसिम | | विनियोजित भएको रकम रु. हजारमा | खर्चरकम रु. हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | सङ्घ | १२५७११ | ११५३५२ | ९१.७५ |
| | प्रदेश | ९५६३ | ९५६३ | १०० |
| सशर्त अनुदान | सङ्घ | २३३७१३ | २०११९३ | ८६.०८ |
| | प्रदेश | १५३३१ | १५३३१ | १०० |
| समपुरक अनुदान | सङ्घ | ८९२६ | ५०१० | ५६.१२ |
| | प्रदेश | ३६५७ | ३६५७ | १०० |
| विशेष अनुदान | सङ्घ | १३१०४ | १०९०७ | ८३.२३ |
| | प्रदेश | ० | ० | ० |
| राजश्व बाँटफाटबाट प्राप्त | | ११६३३८ | १०९२२७ | ९३.८८ |
| आन्तरिक स्रोत(स्थानीय तहको राजस्व अधिकार भित्रको मात्र) | | ५१६९९ | ४९११४ | ९४.९९ |
| अन्य (अ.ल्या. भए खुलाउने ) | | २७०८४ | २७०८४ | १०० |
| **जम्मा** | | ६०५१२६ | ५४६४३८ | ९०.३० |

## ९.४ गैडहवा गाँउपालिकाको दीर्घकालीन सोंच

**कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र व्यापार, पर्यटन सहितको पूर्वाधार विकासको आधार**

यही दीर्घकालीन सोंचलाई प्राप्त गर्न कृषि, पशुविकास शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, आर्थिक विकास, पर्यटन प्रवर्द्धन, सामाजिक विकास र सशक्तिकरण सहितका विभिन्न लक्ष्यहरु रहेको छ ।

९.५ मुख्य मुख्य आधारहरु :

- ❖कृषि क्षेत्रको विकास र कृषिमा व्यावसायीकरण
- ❖उद्यमशीलताको विकास र सशक्तिकरण
- ❖शिक्षा र जनस्वास्थ्यमा भौतिक विकास र व्यवस्थापनमा सुधार
- ❖सरल छिटो र सेवाग्राहीमैत्री सेवा प्रवाह
- ❖सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग
- ❖रोजगारी श्रृजना
- ❖पर्यटन प्रवर्द्धन
- ❖संघसंस्था समन्वय र क्षमता विकास
- ❖सम्वन्ध विस्तार र प्रचार प्रसार
- ❖संस्थागत विकास र सुशासन
- ❖जलवायु परिवर्तन अनुकूलन

## १०. आ.व. ०८१।०८२ को लागि अवलम्वन गरिएका नीतिहरु

| सि.नं. | नीतिगत विषय क्षेत्र | संख्या |
|---|---|---|
| क | **सामाजिक विकास क्षेत्र अन्तर्गतका नीतिहरु** | ६९ वटा |
| १ | जनस्वास्थ्य प्रवर्द्धन ३६ | |
| २ | शिक्षा १६ | |
| ३ | महिला वालवालिका तथा समावेशीकरण १७ | |
| ख | **आर्थिक विकास क्षेत्र अन्तर्गतका नीतिहरु** | ५० वटा |
| १ | कृषि तथा पशुपंक्षी २७ | |
| २ | सहकारी ५ | |
| ३ | श्रम रोजगार तथा उद्योग र भूमि व्यवस्था १८ | |
| ग | **पूर्वाधार विकास नीति तथा कार्यक्रमहरु** | २२ वटा |
| १ | पूर्वाधार विकास ८ | |
| २ | वन वातावरण र विपद् व्यवस्थापन १४ | |
| घ | **संस्थागत सुशासन तथा सेवा प्रवाह क्षेत्र संवन्धी नीतिहरु** | ४० वटा |
| १ | सूचना प्रविधि तथा संस्थागत विकास २६ | |
| २ | वित्त व्यवस्थापन ८ | |
| ३ | पंजिकरण ६ | |
| | **जम्मा नीतिहरुको संख्या** | १८१ वटा |

## ११. आ.व.२०८१।०८२ सम्म मूख्य प्रगति अवस्था

सुशासन एवं नियमनका लागि हालसम्म जारी भएका ऐन, नियमावली, नीति, कार्यविधि, निर्देशिका तथा मापदण्डहरु :

- ऐन १५, नियमावली ११, कार्यविधि/ निर्देशिका / मापदण्ड २६
- १५ वटा नगरसभाको अधिबेशन सम्पन्न भएको ।
- आ.व.०८१/०८२ मा.नियमित रुपमा कार्यपालिकाको बैठक सम्पन्न भएको । बैठक संख्या :
- नागरिक वडापत्र जारी भएको
- आ.व.०८१/०८२ मा सार्वजनिक सुनुवाई कार्यक्रम.१ वटा सम्पन्न भएको
- समीक्षा गोष्ठी १ वटा सम्पन्न भएको
- स्टाफ बैठक सम्पन्न भएको । बैठक संख्या:

| **न्यायिक तर्फ** (आ.व.२०८१।०८२) | |
|---|---|
| न्यायिक समिति इजलास पटक बसेको | १११ वटा विवाद फछ्र्योट भएका |
| जम्मा मुद्दा १६१ वटा | ४२ वटा विवाद वांकी छलफलमा रहेको |
| पुनरावेदनमा गएको ८ | |

## जनस्वास्थ्य तर्फ

- स्वास्थ्यचौकी ४ वटा ।
- आधारभुत स्वास्थ्य सेवा केन्द्र: ५ वटा ।
- नागरिक आरोग्य केन्द्र : १ वटा
- वर्थिङ्ग सेन्टर : २ वटा
- गाऊघर क्लिनिक :१३ वटा ।
- खोप क्लिनिक :२२ वटा ।
- महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका: ८२ जना ।
- एम्वुलेन्स सेवा :४ वटा ।

## सामाजिक सुरक्षा कार्यक्रम तर्फ

| सामाजिक सुरक्षा क सम | कुल लाभग्राही संख्या |
|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | २६१७ |
| जेष्ठ नागरिक भत्ता (द लत) | ३६६ |
| जेष्ठ नागरिक एकल महिला | २१७ |
| वधवा | ६२२ |
| पूर्ण अपाङ्गता भत्ता | ६० |
| अति अशक्त अपाङ्गता भत्ता | १२७ |
| द लत बालबा लका | ६२८ |
| लोपोन्मुख जाति | ७२ |
| जम्मा | ४७९० |

## व्यक्तिगत घटना दर्ता विवरण (आ.व.२०८१/०८२)

### जम्मा घटना दर्ता

- जन्म दर्ता: पुरुष ८५९, महिला ५९७ गरी जम्मा ११८२
- मृत्यु दर्ता: पुरुष १७१, महिला १८१ गरी जम्मा ३५२
- सम्बन्ध विच्छेद: १२
- विवाह: ४४२
- बसाईसरी आएको: दर्ता संख्या ५८, सदस्य संख्या १९८
- बसाईसरी जाने: दर्ता संख्या ३१, सदस्य संख्या ८१

## उपभोक्ता समिति मार्फत् सम्पन्न भएका योजनाहरुको विवरण

कुल योजनाहरुको संख्या: ३८७

१ लाख सम्मका योजना संख्या: ५०

१ लाख देखि २ लाख सम्मका योजना संख्या: ११७

२ लाख देखि ५ लाख सम्मका योजना संख्या: ८८

५ लाख देखि १० लाख सम्मका योजना संख्याः ३७

१० लाख देखि २०लाख सम्मका योजना संख्याः २०

२० लाख देखि ५० लाख सम्मका योजना संख्याः ४

५० लाख देखि माथिका योजना संख्याः ०

## भौतिक पूर्वाधार विकास

- कालोपत्रे सडक ४.५ कि. मी.
- सडक निर्माण : २३ कि.मी.
- ग्राभेल सडक मर्मतः ५ वटा कि.मि.
- १५ वेडको अस्पताल : १ वटा

विद्यालय तथा विद्यार्थी संख्या

| विवरण | प्रा. वि. | निमा वि | माध्यमिक विद्यालय | कक्षा ११ १२ | धार्मिक विद्यालय | वाल विकास केन्द्र | क्याम्पस | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| विद्यालय संख्या | २० | | १३ | | १३ | ४१ | १ | ८८ |
| विद्यार्थी संख्या | ७२०४ | २८१० | १४७४ | ७०४ | | ३४९८ | | |
| छात्र | ३७१४ | १४१० | ७१९ | ३५४ | | १५४४ | | |
| छात्रा | ३४९० | १४०० | ७५५ | ३५० | | १९५४ | | |

## गाँउपालिकाले गरेको मूख्य मूख्य उपलब्धीहरु

- १५ सैयाको अस्पताल निर्माण सम्पन्न भएको ।
- गाउँपालिकाको वडा नं ६ मा यशोधरा मन्दिर-पार्क निर्माण ।
- कृषिको आधुनिकिकरणको लागि बृहत कृषि यान्त्रीकरण वितरण ।
- (चालु आ ब मा सिचाई बोर, स्प्रे टंकी, विधुतिय मोटर, हेन्ड पम्म लगायत )
- वृहत स्वास्थ्य शिविर संचालन भएको प्रसुति जाँच आँखा शिविर आदि संचालन भएको
- गाउँपालिकाको सुर्यपुरा चोक, लोन्डिहवामा C.C.Camera जडान गरिएको ।
- गाउँपालिकाको आफ्नै सुव्यवस्थित सभाहल निर्माण सम्पन्न भएको।
- गैडहवा ताल होम स्टे परियोजना संचालनको क्रममा रहेको
- सुर्यपूरा कोल्ड स्टोर निर्माण सम्पन्न भइ संचालनको तयारीमा रहेको ।यस आ व मा कार्यविधि स्वीकृत गरी सञ्चालन गर्ने तयारी रहेको ।

## १२. उपलब्धी (नीतिगत अवलम्वन तथा विश्लेषण)

क) आ.०८१।०८२ का लागि क्षेत्रगत रुपमा १८१ वटा नीतिगत निर्णयहरु गांउसभावाट स्वीकृत भएका र सोही नीतिगत निर्णयहरुको कार्यान्वयनका लागि वजेट योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन भएको थियो । ती नीतिहरुको कार्यान्वयनको अवस्था :

**ख) नीति कार्यान्वयनको अवस्थाः**

| सि.नं. | नीति तथा रणनीतिहरु | कार्यान्वयनको अवस्था | मुख्य प्रयासहरु |
|---|---|---|---|
| | १. स्थानीय उत्पादन तथा उत्पादकत्व अभिवृद्धिको माध्यमबाट आर्थिक एवं सामाजिक रुपान्तरणका लागि स्थानीय सरकारको लगानी केन्द्रित गरिनेछ। | कार्यान्वयन भएको | कृषि यान्त्रिकरण तालिम तथा विउ अनुदान लगायतका उत्पादन वृद्धिका लागि पहल गरिएको र कृषि हाट तथा चिस्यान केन्द सञ्चालनको व्यवस्था गरिएको छ। |
| | २. पालिकाभित्र सन्तुलित विकास एवं समृद्धिमा योगदान गर्न सकिने रुपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त ठूला तथा साना आयोजनाको पहिचान गरी संघ तथा प्रदेशको समन्वयमा योजना कार्यान्वयन गरिनेछ। | कार्यान्वयन भएको | योजनाहरुको पहिचान गरी प्रदेश तथा संघ सरकारसग समन्वय भैरहेको छ। |
| | ३. विनियोजन कुशलता र स्रोत साधन परिचालनमा दक्षता अभिवृद्धि गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाईनेछ। | कार्यान्वयन भएको | सिमित स्रोत साधनलाइ प्रभावकारी परिचालन गर्न प्रयास गरिएको। |
| | ४. गैडहवा गाउँपालिकाको सार्वजनिक खर्चमा मितव्ययीता र पारदर्शिता कायम गरिनेछ। | कार्यान्वयन भएको | गैडहवा गाउँपालिकाको सार्वजनिक खर्चमा मितव्ययीता र पारदर्शिता कायम गर्न प्रयास गरिएको छ। |
| | ५. वित्तीय संघीयताको सबलीकरण गर्न गाउँपालिकाको आयश्रोत वृद्धि गरिनेछ। आयश्रोत कम भएका र मानव विकास सूचकाङ्गमा कमजोर रहेका वडा तथा टोल स्तरमा थप कार्यक्रम तथा बजेट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। | कार्यान्वयन भएको | आयश्रोत कम भएका र मानव विकास सूचकाङ्गमा कमजोर रहेका वडा तथा टोल स्तरमा थप कार्यक्रम समावेश गरिएको। |
| | ६. वित्तीय सुशासन कायम गर्न सूचना प्रविधिको प्रयोग मार्फत पालिका सरकारको बजेट तर्जुमा खर्चको लेखाइन तथा प्रतिवेदन प्रणालीलाई थप चुस्त गरिनेछ। राजश्व चुहावट नियन्त्रणका लागि स्थानीय सरकारको राजश्वसँग सम्बन्धित सूचना र अभिलेख प्रणालीलाई व्यवस्थित | आं शक रुपमा कार्यान्वयन भएको | सुत्र सफ्टवेयर सचालनमा रहेको छ। |

| | | | |
|---|---|---|---|
| | बनाइनेछ। | | |
| | ७. पालिका स्तरका गौरवका योजनाहरु (गैडहवा होम स्टे। छनौटका लागि मापदण्ड तयार गरिनेछ र बहुवार्षिय र क्रमागत आयोजनाहरु (१५ शैया अस्पताल, यशोधरा पार्क। तोकिएकै समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ । | कार्यान्वयन भएको | पा लका स्तरका गौरवका योजनाहरु कार्यान्वयन भै रहेका छन् । |
| | ८. एकिकृत रुपमा व्यवसाय दर्ता गर्न गाउँपालिकामा व्यवसाय प्रवर्द्धन शाखा संचालन गरिनेछ र करको दायरामा नआएका व्यवसायीहरुलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता शिबिर संचालन गरिने छ। | आं शक रुपमा कार्यान्वयन भएको | प्राइभेट संस्था दर्ता सम्वन्धी कानूनी व्यवस्था गरी पा लकावाट दर्ता न वकरणको कार्य भैरहेको । दर्ता श वर संचालन हुन नसकेको । |
| | ९गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखरी, तालतलैयाहरुको मर्मत सम्भारका लागि आवश्यक व्यवस्था मिलाइनेछ। | कार्यान्वयन भएको | पा लका अन्तर्गत रहेका सार्वजनिक पोखरीहरुको निय मत मर्मत सम्भार गरी ३।३ वर्षका ला ग आय ठेक्का वन्दोवस्त गरिएको छ । |
| | १०. गाउँपालिकाको आम्दानीका श्रोत बढाउन राजश्वका क्षेत्रहरु पहिचान गरी आयका क्षेत्र विस्तार गरिनेछ। | प्रयास गरिएको | राजश्व संभाव्यता अध्ययन गर्नुपर्ने । |
| | ११. छरिएर रहेका पूँजीलाई एकिकृत गरी ठूला लगानी गरी विभिन्न उद्योग तथा व्यवसाय संचालन गर्ने र आम जनसमुदायमा बचत गर्ने बानीको विकास गर्न विभिन्न कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ। | आं शक रुपमा कार्यान्वयन गरिएको | व भन्न उद्योग व्यवसायमा लगानी गर्न वातावरण तयार हुदै गएको । |
| | १२. विद्यालयमा विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाई बालबालिकालाई विद्यालयमा टिकाई राख्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ | कार्यान्वयन भएको | विद्यालयमा विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाई बालबालिकालाई विद्यालयमा टिकाई राख्न प्र अ बैठकमा छलफल तथा अभिमुखिकरण गरिएको । विद्यालयमा फोकल पर्सन तोकी विद्यालयको अगुवाइमा घरदैलो अभियान सञ्चालन गरिएको । |

| | | | |
|---|---|---|---|
| | १३. हाम्रो गैडहवा हाम्रो पहिचान" बनाई राख्नका लागि स्थानीय पाठ्यक्रम निर्माण गरी सोही आधारमा क्रमशः पाठ्यपुस्तक तयार गरिनेछ। | कार्यान्वयन भएको | पाठ्यक्रम निर्माण तयार भएको । यस शैक्षिक सत्रदेखि कक्षा ७ र ८ मा पठनपाठन शुरु भएको छ । अन्य कक्षाहरुको छपाइ भैरहेको छ । |
| | १४. विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिदै संघीय सरकार तथा प्रदेश सरकारको साझेदारीमा सुविधा सम्पन्न गराउँदै लगिनेछ । | कार्यान्वयन भएको | विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरताका लागि सघ सरकार तथा प्रदेश सरकारसग आवश्यक समन्वय भएको छ । |
| | १५. आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ लाई व्यवस्थित र प्रभावकारी बनाउँदै कक्षा ८ र एस.ई.ई. परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालय प्रोत्साहन गरिनेछ। | कार्यान्वयन भएको | आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ लाई व्यवस्थित र प्रभावकारी बनाउँदै कक्षा ८ र एस.ई.ई. परीक्षामा उत्कृष्ट नतिजा ३।६जि पि ए ल्याउने विद्यार्थीलाइ जनही ५००० का दरले पुरस्कृत गरिएको । साथै शिक्षक र विद्यालयलाइ सम्मान गरी प्रोत्साहन गरिएको । |
| | १६. विद्यालयमा दरबन्दी कमी भई पठनपाठन कार्य व्यवस्थित हुन कठिनाई भएका विद्यालयहरुलाई शिक्षण बृहयोग अनुदान तथा गा.पा. अनुदानलाई विद्यार्थी संख्या र विषयगत आधारमा पुनःवितरण गरिनेछ । | कार्यान्वयन भएको | विद्यालयमा दरबन्दी कमी भई पठनपाठन कार्य व्यवस्थित हुन कठिनाई भएका विद्यालयहरुलाई गा पा अनुदान बाल विकास शिक्षक प्रा वि नि मा वि र मा वि शिक्षक व्यवस्थापन गरिएको छ । यसका लागि गा पा बाट वार्षिक २ करोड खर्च भैरहेको । |
| | १७. एक विद्यालय एक फूलवारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्दै सम्पूर्ण विद्यालयहरुलाई हरित विद्यालयको रुपमा रुपान्तरण गर्दै लगिनेछ। | कार्यान्वयन भएको | एक विद्यालय एक फूलवारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्दै सम्पूर्ण विद्यालयहरुलाई हरित विद्यालय वनाउन कार्यक्रम संचालन भएको छ । |
| | १८. अत्याधिक गर्मीको कारण विद्यार्थीहरुलाई पढाई | कार्यान्वयन नभएको | विद्यालयहरुलाइ अन्य अनुदानवाट |

| | | | |
|---|---|---|---|
| | लेखाई गर्न सहज पुन्याउने उद्देश्यले विद्यालयमा जडान भएका विद्युत मिटरको बिलका आधारमा महशुलको भुक्तानी दिने व्यवस्था मिलाईनेछ। | | व्यवस्थापन गर्ने गरी व्यवस्था मिलाइएको |
| | १९. बालविकास केन्द्रहरुको सुधार गर्दै गाउँपालिका र अन्य संघ संस्थाहरुको साझेदारीमा नमुना बाल विकास केन्द्र बनाउँदै लगिनेछ । | कार्यान्वयन भएको | साझेदार सस्था कालिका स्वावलम्वन केन्द्रसँग सहकार्यमा १० वटा नमूना बाल विकास केन्द्र वनाउन शुरु भएको छ । |
| | २०. विद्यालयहरुमा सञ्चालन भएको दिवा खाजा कार्यक्रमलाई व्यवस्थित पोषणायुक्त र सफा बनाई बालबालिकाहरुलाई वितरणको राम्रो व्यवस्था मिलाउँदै जङ्कफुड निषेध गरिदै लगिनेछ । | कार्यान्वयन भएको | विद्यालयहरुमा सञ्चालन भएको दिवा खाजा कार्यक्रमलाई व्यवस्थित पोषणायुक्त र सफा बनाई बालबालिकाहरुलाई वितरणको राम्रो व्यवस्था मिलाउँदै जङ्कफुड निषेध गर्न विद्यालयहरुलाइ पत्राचार वैठकमा निर्णय गरी विद्यालय तहवाटै अभियान सञ्चालन गर्न शुरु भएको छ । |
| | २१. गाउँपालिका स्तरमा उत्कृष्ट खालको शैक्षिक योजना निर्माणको कार्य सुरुवात गरिनेछ। | कार्यान्वयन भएको | गाउँपालिका स्तरमा शैक्षिक योजना निर्माण भएको छ । यस अ व देखि कार्यान्वयन हुने । |
| | २२. राष्ट्रपति रनिङ्ग शिल्ड तथा प्रतिभा पहिचान सप्ताह कार्यक्रम अन्तर्गत खेलकूद अन्य कियाकलापहरुलाई व्यवस्थित तथा प्रभावकारीरुपमा सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ। | कार्यान्वयन भएको | राष्ट्रपति रनिङ्ग शिल्ड तथा प्रतिभा पहिचान सप्ताह कार्यक्रम अन्तर्गत खेलकूद अन्य कियाकलापहरुलाई व्यवस्थित तथा प्रभावकारीरुपमा सञ्चालन गर्न विद्यालयहरुलाइ नै क्रियाशील वनाइएको छ । सवै विद्यालयहरु प्रतियोगितामा सहभागी भएका छन् । |
| | २३.प्रधानाध्यापक तथा शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न अवलोकन भ्रमण, नमुना शिक्षण तथा विभिन्न किसिमका तालिमहरु सञ्चालन गरी आधुनिक ज्ञान तथा प्रविधिसँग समायोजन हुने अवसर प्रदान गरिनेछ। | कार्यान्वयन भएको | प्रधानाध्यापक तथा शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न भिमेश्वर मा वी दोलखा सहितका विद्यालयहरुको अवलोकन भ्रमण आयोजना गरिएको |

| | | | |
|---|---|---|---|
| | | | ।कार्यमूलक अनुसन्धान तालिम आइ सि टी तालिम तथा पाठ्यक्रम प्रवोधिकरण लगायतका विभिन्न प्रकारका तालिममा सहभागीताको अवसर प्रदान गरिएको । |
| | २४.गाउँपालिकाभित्र अनुमति लिई सञ्चालनमा रहेका विद्यालयहरुको कक्षा अवलोकन, नमूना शिक्षण तथा अनुगमन निरीक्षण जस्ता कार्यलाई थप प्रभावकारी तथा व्यवस्थित गरिनेछ । | कार्यान्वयन भएको | उपाध्यक्षको अध्यक्षतामा गठित अनुगमन समिति र शिक्षा समितिवाट अनुगमन हुने र संवन्धित शाखावाट नियमित रुपमा अनुगमन निरीक्षण गरी पृष्ठपोषण गर्ने गरिएको । |
| | २५.अभिभावक विहिन बालबालिकाहरु, अभिभावकत्व गाउँपालिकाले ग्रहण गरी उनीहरुलाई सिकाईका लागि छात्रवृतिको व्यवस्था मिलाईनेछ। | कार्यान्वयन भएको | अभिभावक विहिन बालबालिकाहरुलाइ अध्ययनका लागि छात्रवृत्ति र आवश्यक सामग्री व्यवस्थापनका लागि आर्थीक सहयोग उपलव्ध गरिएको । |
| | २६.यस पालिका अन्तर्गत सञ्चालन भएको एक मात्र सूर्यपुरा बहुमुखी क्याम्पसको भवन निर्माण कार्य सम्पन्न गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । | कार्यान्वयन भएको | यस पालिका अन्तर्गत सञ्चालन भएको एक मात्र सूर्यपुरा बहुमुखी क्याम्पसवाट गुणस्तरीय शिक्षा प्रदान गर्न क्याम्पसको भवन निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ । |
| | २७ प्राविधिक सीप सिकी स्व-रोजगार सिर्जना गर्न चाहने व्यक्ति, प्राविधिक शिक्षा पढ्ने विद्यार्थीहरुलाई क्रमशः प्रोत्साहन गरिनेछ । | | प्राविधिक सीप सिकी स्व-रोजगार सिर्जना गर्न चाहने व्यक्ति, प्राविधिक शिक्षा पढ्ने विद्यार्थीहरुलाई प्रोत्साहन गरिएको छ । यसका लागि जनकल्याण मा विमा सि टि इ भि टीको सम्वन्धनमा विषयको पठनपाठनको व्यवस्था मिलाइएको छ । गत आ वमा पालिकावाट रु ४ लाख र सघवाट रु ७ लाख अनुदान रकम उपलव्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| | २८. गैडहवा गाउँपालिकाको जनसंख्या व्यवस्थापन गरी जनसायिक लाभ प्राप्त गर्न पालिका जनसंख्या नीति तर्जुमा गरिनेछ । | कार्यान्वयन नभएको | |
| | २९.जनस्वास्थ्यका मापदण्ड सुनिश्चित गर्दै सबै नीतिमा स्वास्थ्य नीति लागू गर्न विषयगत शाखाहरुसंग सहकार्य गरिनेछ । पालिका स्वास्थ्य क्षेत्र रणनीतिक योजना तर्जुमा गरिनेछ । | कार्यान्वयन भएको | जनस्वास्थ्यका मापदण्ड सुनिश्चित गर्दै सबै नीतिमा स्वास्थ्य नीति लागू गर्न विषयगत शाखाहरुसंग सहकार्य गर्दै पालिकाको स्वास्थ्य क्षेत्र रणनीतिक योजना तर्जुमा गरिएको छ । |
| | ३0.स्वास्थ्यमा सर्वव्यापी पहुँचको मान्यता अनुरुप तहगत सरकार निजी क्षेत्र, नागरिक समाज तथा संघ संस्थाको समन्वय र सहकार्यमा प्रवर्द्धनात्मक उपचारात्मक पुनःस्थापना प्रशामक तथा मनोसमाजिक स्वास्थ्य सेवालाई थप विकास तथा विस्तार गरिनेछ । | कार्यान्वयन भएको | प्रवर्द्धनात्मक उपचारात्मक पुनःस्थापना प्रशामक तथा मनोसमाजिक स्वास्थ्य सेवालाई प्रवद्धन गर्न सुनगाभा सामुदायिक सस्थासँगको सहकार्यमा लक्षित वर्गलाइ मनोसामाजिक परामर्श सेवा उपलव्ध गराइएको छ |
| | ३१ बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य मार्फत आत्महत्याको बढ्दो दरलाई नियन्त्रण गर्न मानसिक स्वास्थ्य प्रवर्द्धन आत्महत्याको न्यूनीकरण भन्ने अभियान सहित कार्यक्रम संचालन गरिनेछ । | कार्यान्वयन भएको | आत्महत्याको बढ्दो दरलाई नियन्त्रण गर्न सुनगाभा सामुदायिक सस्थासँगको सहकार्यमा ४ वटा स्वास्थ्य सस्थामा मनोसामाजिक परामर्श सेवा उपलव्ध गराइएको छ |
| | ३२ जीवन चक्रमा आधारित स्वास्थ्य सेवा अनुरुप सुरक्षित मातृत्व नवशिशु तथा बालस्वास्थ्य किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य र ज्येष्ठ नागरिकको स्वास्थ्य सेवालाई संघ र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा उच्च प्राथमिकताका साथ संचालन गरिनेछ । | कार्यान्वयन भएको | सघ र प्रदेश सरकारको समन्वय र सहकार्यमा जीवन चक्रमा आधारित स्वास्थ्य सेवा अनुरुप सुरक्षित मातृत्व नवशिशु तथा बालस्वास्थ्य किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य र ज्येष्ठ नागरिकको स्वास्थ्य सेवा सञ्चालन गरिएको छ । |
| | ३३ सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम गरिनेछ । | कार्यान्वयन भएको | संस्थामा सुत्केरी हुने आमाहरुलाइ पोषणयुक्त स्वास्थ वर्द्धक खानेकुरा अण्डा चना र घ्यू उपलव्ध गराउन सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम |

| | | | |
|---|---|---|---|
| | | | सञ्चालन गरिएको छ । जसवाट ५०० वढी आमाहरु लाभान्वित भएका छन् । |
| | ३४ पालिकाभित्र संचालनमा रहेका वर्थिङ्ग सेन्टरलाई सुदृढिकरण तथा केही वर्थिङ्ग सेन्टरको थप गरी गर्भवती तथा प्रसूती अवस्थाका ज्यान जोखिममा परेका महिलाहरुको स्वास्थ्य सुरक्षाको सुनिश्चितता गरिनेछ । वर्थिङ्ग सेन्टरसम्म सुत्केरी गराउन आउने सुत्केरीहरुलाई एम्बुलेन्स सेवा निःशुल्क तथा अन्य प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ । | कार्यान्वयन भएको | गर्भवती तथा प्रसूती अवस्थाका ज्यान जोखिममा परेका महिलाहरुको स्वास्थ्य सुरक्षाको सुनिश्चितताका लागि बर्थिङ्ग सेन्टरसम्म सुत्केरी गराउन आउने सुत्केरीहरुलाई एम्बुलेन्स सेवा निःशुल्क उपलव्ध गराइएको छ । जसवाट सुत्केरी आमाहरु लाभान्वित भएका छन् । |
| | ३५. मातृ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश तथा संघको सहकार्यमा अल्ट्रासाउण्ड सेवालाई थप व्यवस्थित गरिनेछ । | कार्यान्वयन भएको | मातृ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन २ वटा वर्थिङ सेन्टरमा तालिम प्राप्त स्वास्थ्यकर्मीवाट अल्ट्रासाउण्ड सेवा उपलव्ध गराइएको छ । गत आ व मा जनाले यो सेवा लिएका थिए । |
| | ३६. महिलाहरुमा स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सरको रोकथाम गर्न संघ तथा प्रदेशको सहकार्यमा निःशुल्क परीक्षणको व्यवस्था मिलाइनेछ । | कार्यान्वयन भएको | महिलाहरुमा स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सरको रोकथाम गर्न निःशुल्क परीक्षणको व्यवस्था मिलाइएको । जसवाट जना लाभान्वित भएका छन् । |
| | ३७. आयुर्विद प्राकृतिक चिकित्सा होमियोप्याथी जस्ता वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन र बिस्तार गरिदै लगिनेछ । | कार्यान्वयन भएको | आयुर्विद प्राकृतिक चिकित्सा होमियोप्याथी जस्ता वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन र बिस्तार गरिदै लगिएको छ । वडान ९ मा रहेको नागरिक आरोग्य सेवा कार्यक्रम सञ्चालन । समुदायमा आधारित र विद्यालयमा आधारित योग ध्यान कार्यक्रमको लागि व्यवस्थापकीय सहयोग उपलव्ध |
| | ३८. मातृ शिशु स्वास्थ्य प्रवर्द्धनका लागि स्तनपायी सेवा कार्यक्रम, नागरिक आरोग्यताका लागि सामुदाय स्तरमा नागरिक आरोग्य सेवा कार्यक्रम, जेरियाटिक स्वास्थ्य समस्यका लागि ज्येष्ठ नागरिक स्वाच्य प्रवर्द्धन कार्यकम संघीय सरकारको सहकार्यमा निरन्तरता दिइनेछ । | कार्यान्वयन भएको | |

| | | | |
|---|---|---|---|
| | | | गराइएको ।यसबाट केही टोलहरुमा नियमित कार्यक्रम सञ्चालन भैरहेको छ । ओषधालयबाट नियमित ओपिडि सेवा र ओषधी उपलव्ध गराइएको छ ।निशुल्क ओषधिहरु नियमित उपलव्ध गराइएको ।स्तनपायी सेवा कार्यक्रम अन्तर्गत दुग्धवर्द्धक ओषधीहरु उपलव्ध गराइएको छ । |
| | ३९. बातव्यादी जस्ता जीर्ण रोगको व्यवस्थापनका लागि संचालित पूर्व कर्म सेवा सुरजपुरा आयुर्वेद औपाधालयबाट निरन्तरता दिइनेछ । | कार्यान्वयन भएको | बातव्यादी जस्ता जीर्ण रोगको व्यवस्थापनका लागि संचालित पूर्व कर्म सेवा सुरजपुरा आयुर्वेद औपाधालयबाट निरन्तर सञ्चालन भएको छ । गत आ व मा जनाले सेवा प्राप्त गरेका छन् । |
| | ४० "मानासिक तथा शारीरिक स्वस्थतताका लागि योग भन्ने अभियान सहित योग अभ्यास प्रवर्द्धन गरिनेछ । | कार्यान्वयन भएको | "मानासिक तथा शारीरिक स्वस्थतताका लागि योग अभियान सहित योग अभ्यास सञ्चालन भएको । |
| | ४१. स्वास्थ्य सेवाको मौलिक पद्धति आयुर्वेद सेवा लगायत अन्य वैकल्पिक चिकित्सा सेवाको प्रवर्धनका लागि विशेष प्राथमिकता सहित कार्यक्रम ल्याइने छ । | कार्यान्वयन भएको | आवश्यक प्रचार प्रसार र अभियानहरु सञचालन गरिएको |
| | ४२. नसर्ने रोगको रोकथाम तथा उपचारका लागि आयुर्वेद सेवा पद्धति प्रति जनसचेतना अभिवृद्धि गरी हामी स्वस्थ गैडहवा स्वस्थ अभियान संचालन गर्न आवश्यक कार्यक्रमको व्यवस्था मिलाइने छ । | कार्यान्वयन भएको | स्वस्थ गैडहवा स्वस्थ अभियानका लागि प्रचार प्रसार र अभियानहरु सञ्चालन गरिएको । |
| | ४३. जेरियाट्रिक हेल्थ केयर सर्भिसलाई उच्च प्राथमिकतामा राखि सो को लागि आयुर्वेद, योग, स्वसावृत्तको अभ्यासमा जोड दिइने छ । | कार्यान्वयन भएको | आवश्यक प्रचार प्रसार र अभियानहरु सञचालन गरिएको |
| | ४४. पोषण सम्वद्ध समस्याको दीर्घकालिन र भरपर्दो व्यवस्थापनका लागि स्तनपायी सेवा कार्यक्रमलाई गाउँपालिकाका आयुर्वेद / स्वास्थ्य संस्था मार्फत | कार्यान्वयन भएको | निरन्तर रुपमा अभियान सञ्चालन भएको । |

| | | | |
|---|---|---|---|
| | संचालन सुनिश्चितताको लागि कार्यक्रम तर्जुमा गरिने छ । | | |
| | ४५. एकल महिला/ पुरुषको शारीरिक तथा मानसिक स्वस्थता अभिवृद्धिका लागि योग तथा स्वस्थवृत्त कार्यक्रम संचालन गरिने छ । | कार्यान्वयन भएको | निरन्तर रुपमा सञ्चालन भएको |
| | ४६. युवाका लागि आरोग्यता आरोग्यताका लागि आध्यात्मिकता अभियानमूलक कार्यक्रम संचालन गरी युवाको स्वस्थता र सामाजिक सद्भभावलाई अभिवृद्धि गरिनेछ । | कार्यान्वयन भएको | आर्युवेद प्राकृतिक चिकित्सा होमियोप्याथी जस्ता वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन र बिस्तार गरिदै लगिएको छ । वडान ९ मा रहेको नागरिक आरोग्य सेवा कार्यक्रम सञ्चालन । समुदायमा आधारित र विद्यालयमा आधारित योग ध्यान कार्यक्रमको लागि व्यवस्थापकीय सहयोग उपलव्ध गराइएको ।यसवाट केही टोलहरुमा नियमित कार्यक्रम सञ्चालन भैरहेको छ । |
| | ४७. समृद्ध गैडहवाका लागि नागरिक जिबनशैली सुधार, गृहिणीका लागि भान्सा सुधार, तथा दीर्घरोग रोकथाम गर्न घरदैलोमा आयुर्वेद सेवा जस्ता कार्यक्रमलाई उच्च प्राथमिकता साथ संचालन गरिने छ । | कार्यान्वयन भएको | |
| | ४८. गैडहवा गाउँपालिकाविकि हरेक कार्यालय सेवा केन्द्रमा कुनै न कुनै योग तथा स्वस्थवृत सम्बद्ध कम्तिमा एउटा कियाकलापको अभ्यास गर्ने परिपाटीलाइ संस्थागत गर्दै सेवा प्रवाह संग आवद्ध गरी स्वस्थता र सुशासन एक सिक्काका दुइ पाटा अभियान संचालन गरिने छ । | कार्यान्वयन भएको | आवश्यक प्रचार प्रसार र अभियानहरु सञचालन गरिएको |
| | ४९. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी सेवा तथा व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गरिनेछ । | कार्यान्वयन भएको | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि सेवा तथा व्यवस्थापनका लागि संस्थागत क्षमता विकास तालिम सञ्चालन गरिएको । |
| | ५०. विशेषज्ञ स्तरको उपचारात्मक सेवाका लागि १५ शैयाको सुँयपुरा अस्पताल निर्माण सम्पन्न गरी सेवा संचालन गरिनेछ । आधारभूत स्वास्थ्य सेवा संचालनका | कार्यान्वयन भएको | विशेषज्ञ स्तरको उपचारात्मक सेवाका लागि १५ शैयाको सुँयपुरा अस्पताल निर्माण सम्पन्न भएको । हस्तान्तरण |

| | | | |
|---|---|---|---|
| | लागि पर्याप्त आवश्यक औषधि तथा उपकरणको सुनिश्चितता गरिने छ । | | हुन बाँकी रहेको छ । यस आ व मा सञ्चालन गर्ने कार्यक्रम रहेको । |
| | ५१. महामारीरोग नियन्त्रण तथा विपद् व्यवस्थापनका लागी आकस्मिक योजना सहितका आवश्यक पूर्वाधार (औषधि, सामाग्रि, जनशक्ति र संयन्त्र बनाई परिचालन गरिनेछ । | कार्यान्वयन भएको | |
| | ५२. सरुवा तथा मौसमी रोग (डंग कालाजार, ओलो क्षयरोग तथा कुष्ठरोग बाढीको नियन् खोज, अनुसन्धान तथा व्यवस्थापन गर्न कार्यक्रम ल्याइने छ । | कार्यान्वयन भएको | सवै वडाहरुमा लामखुट्टेको लार्भा खोजी र नष्ट गर अभियान सञ्चालन गरिएको । |
| | ५३. विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक तया अपात्र क र ख वर्गका नागरिकहरुलाई उपलब्ध हुँदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिईने छ । | कार्यान्वयन भएको | विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक तया अपाङ्ग क र ख वर्गका नागरिकहरुलाई उपलब्ध हुँदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिइएको छ ।जसवाट जना लाभान्वित भएका छन् । |
| | ५४. स्वास्थ्य सेवालाई किशोर किशोरी जेष्ठ नागरिक तया अपाङ्गमैत्री बनाउन आवस्यक कार्यक्रम ल्याइने छ । | कार्यान्वयन भएको | स्वास्थ्य सेवामा अपाङ्गमैत्री सरचना वनेका छ । साडि र सूर्यपुरा दुइवटा स्वास्थ्य सस्थालाइ किशोर किशोरीमैत्री स्वास्थ्यसस्था घोषणा गरिएको छ । |
| | ५५. महिला स्वास्थ्य स्वयं सेविकाहरुको उच्च मूल्याङ्कन गर्दै वहालवालको प्रोत्साहन तथा ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स-सम्मान विदाई हुने कार्यक्रमलाई निरन्तरता विईने छ । | कार्यान्वयन भएको | महिला स्वास्थ्य स्वयं सेविकाहरुको उच्च मूल्याङ्कन गर्दै वहालवालाको प्रोत्साहनका लागि सचार तथा यातायात सुविधा उपलव्ध गराइएको र ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स-सम्मान विदाईका लागि सघवाट २५००० र पालिकावाट ५०००० नगद उपलव्ध हुने कार्यक्रमलाई निरन्तरता दिईएको छ । |

| | | | |
|---|---|---|---|
| | ५६. उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिगौला सिकलसेल एनिमिया तथा मानसिक रोम लगायतका नसर्ने रोग पहिचान, परीक्षण, रोकयाम र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघी सरकारको समन्वयमा अन्य चिकित्सा पद्धतिहरु समेतको एकिकृत डीप विकास गरी संचा गरिने छ । | कार्यान्वयन भएको | उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिगौला सिकलसेल एनिमिया तथा मानसिक रोम लगायतका नसर्ने रोग पहिचान, परीक्षण, रोकयाम र उपचारका लागि फागुन महिनामा स्क्रिनिङ् क्याम्प सञ्चालन गरिएको । जसमा ४० वर्ष माथिका गाँउवासीले सेवा प्राप्त गरेका थिए । |
| | ५७. ए.आई.मी. रोगबाट पिडितहरुलाई सहयोगमा सामाजिक व्यवस्थापन गर्ने निति अवलम्वन गरिनेछ । | कार्यान्वयन भएको | ए.आई.मी. रोगबाट पिडितहरुलाई समाजमा सहज रुपमा जीवन विताउन सहयोग होस् भनी कार्यविधि निर्माण भएको जसवाट समूहमा ५ लाखसम्म जीविकोपार्जनका लागि सहयोग गरिएकोछ । |
| | ५८. वर्षमा एक पटक एकीकृत वृहत स्वास्थ्य जाँच शिविर तथा स्थायी बन्ध्याकरण जिकिरसार गरिने छ । | कार्यान्वयन भएको | एकीकृत वृहत स्वास्थ्य जाँच शिविर ४ पटक सञ्चालन गरिएको र स्थायी बन्ध्याकरण शिविर १ पटक संचालन गरिएको । |
| | ५९. गाउँपालिकाको सबै वडा zero Home delivery घोषणालाई निरन्तरता दिइने छ । | कार्यान्वयन भएको | गाउँपालिकाको सबै वडालाइ zero Home delivery घोषणा गर्ने कार्यक्रम वमोजिम वडा नं ९ लाई घोषणा गरिएको छ । अन्य वडाहरुमा क्रमश घोषणा गरिने । |
